**धार्मिक सद्भाव कायम गर्ने सम्बन्धी**
**संयुक्त अपिल**

नेपाल एक सार्वभौमसत्ता सम्पन्न बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विविधतायुक्त देश भएको व्यहोरा ह्ामी सबैमा अवगतै छ । कुनैपनि धर्म, सम्प्रदाय, जाति, क्षेत्र एवं लिङ्गको आपसी सम्मान अभिवृद्धि गर्नु, आपसी सद्भाव कायम गर्नु, अर्को धर्म सम्प्रदाय प्रति घृणा द्वेष फैलिने कुनैपनि कार्य नगर्नु, अर्को धर्म सम्प्रदायको आत्मसम्मानमा चोट पुग्ने कुनैपनि गतिविधि नगर्नु हाम्रो धार्मिक संस्कारको मूल आधार विगतदेखि रही आएको छ । तथापि विगत केही दिन यता देशका विभिन्न भागमा धर्म, जाति, सम्प्रदायको आधारमा एक अर्काप्रति घृणा र द्वेष फैलाउने, फरक धर्म, जाति तथा सम्प्रदायलाई चोट पुग्ने गरी गतिविधिहरु गर्ने मात्र नभई कतिपय ठाउँमा उच्छृङ्खल तथा अराजक रुपमा प्रस्तुत भई फरक धर्म सम्प्रदायको आस्था, व्यवहार, संस्कार र प्रचलनमा आघात पुऱ्याउने गतिविधि देखा परेको सम्बन्धमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको इतिहास, परम्परा र विगतदेखि नै एक आपसमा मिलिजुली बस्ने सद्भावपूर्ण समाजलाई विथोल्ने गरी धर्म तथा सम्प्रदायका नाममा हुने गरेका असंवैधानिक तथा गैरकानूनी क्रियाकलाप प्रति हाम्रो गम्भीर असहमति रहेको छ । यस प्रकारका कुनैपनि असंवैधानिक तथा गैरकानूनी क्रियाकलापमा कोही पनि जान अन्जानमा सहभागी नहुन र धार्मिक, सामाजिक एवं सांस्कृतिक सद्भाव प्रवर्द्धन गर्न क्रियाशिल रहन सबैमा आव्हान गर्दछौं ।

श्री अध्यक्ष, विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति, काठमाडौं ।

श्री अध्यक्ष, विश्व हिन्दु महासंघ अन्तर्राष्ट्रिय, केन्द्रीय कार्यालय, बाँसबारी ।

श्री सभापति, विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति, बाँसबारी।

श्री अध्यक्ष, नेपाल सनातन धर्म संस्कृति संगठन, काठमाडौं ।

श्री अध्यक्ष, हिन्दु जागरण नेपाल, चावाहिल ।

श्री प्रतिनिधि, विश्व हिन्दु परिषद् नेपाल ।

श्री कृष्ण प्रणामी सेवा समिति नेपाल, कागेश्वरी, काठमाडौं ।

श्री अध्यक्ष, नेपाल बौद्ध महासंघ, बौद्ध तिनचुली ।

श्री अध्यक्ष, नेपाल तामाङ बौद्ध गुम्बा सेवा समाज, स्वयम्भु ।

श्री अध्यक्ष, नेपाल परम्परागत बौद्ध धर्म संघ, ललितपुर ।

श्री उपाध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ, काठमाडौं ।

श्री अध्यक्ष, इस्लामी संघ नेपाल, बल्खु ।

श्री अध्यक्ष, नेपाल मुस्लिम संघ, काठमाडौं ।

श्री अध्यक्ष, नेपाल मुस्लिम इत्तेहाद संगठन, बागबजार।

श्री सचिव, मुस्लिम मुक्ति मोर्चा नेपाल ।

श्री अध्यक्ष, मर्कजी जमियत अहले हदिस ।

श्री अध्यक्ष, जमियत उलेमा- ए नेपाल ।

श्री अध्यक्ष, राष्ट्रिय क्रिश्चियन महासंघ नेपाल, अनामनगर ।

श्री अध्यक्ष, नेपाल क्रिश्चियन सोसाइटी, ललितपुर ।

श्री अध्यक्ष, नेशनल चर्च फेलोसिभ अफ नेपाल ।

श्री संयोजक, राष्ट्रिय नेपाली इसाई मण्डली एकता परिषद् ।

श्री नेशनल सास्टर काउन्सिल नेपाल ।

श्री नेपाली इसाई नागरिक संघ ।

श्री प्रमुख कार्यकारी अधिकृत, नेपाल वाइवल सोसाइटी ।

मितिः २०८०/०६/०५